आज मिति २०७५ श्रावण १३ गते, आइतबारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा ४९आं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. ३ नं. वडाका कार्यवाहक वडा अध्यक्ष श्री मनोज बस्नेत | - | सदस्य | |
| ६. ४ नं. वडाका निमित्त वडा अध्यक्ष श्री रेक्सन तामाङ | - | सदस्य | |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. ९ नं. वडाका निमित्त वडा अध्यक्ष श्री राजु अधिकारी | - | सदस्य | |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्रा गौरी नेवा | - | सदस्य | |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव | |
| आमन्त्रित :- | | | |
| २१. श्री बिष्णु बहादुर के.शी | - | लेखा अधिकृत | |
| २२. श्री सोमा खडका | - | शाखा अधिकृत | |
| २३. श्री गिता तामाङ | - | कम्प्युटर अपरेटर | |

## निर्णयहरु

मिति २०७५/४/११ गते नगरप्रमुखज्यूबाट नगरकार्यपालिका बैठकमा पेश गर्न आदेश भइ मिति २०७५।४।१३ गते नगरकार्यपालिका बैठकबाट निर्णय भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**तपशिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | पटके सवारी साधन कर संकलन सम्बन्धमा । | दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १४ मा फर्पिङ छैमले र फर्पिङ टल्कु हुमाने हुँदै मकवानपुर जाने सडकमा पटके सवारी साधन करको लागि वार्षिक जम्मा रु ४० लाख रकममा टेन्डर आव्हान गर्ने । | दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १४ मा उल्लेख भएबमोजिम फर्पिङ छैमले र फर्पिङ टल्कु हुमाने हुँदै मकवानपुर जाने सडकमा पटके सवारी साधन कर संकलन गर्न वार्षिक जम्मा रु ४० लाख रकममा टेन्डर आव्हान गर्ने । टेन्डर प्रक्रियामा जान केही समय लाग्ने भएको र सो समयसम्मको राजश्व रकम संकलन गर्न आवश्यक भएको हुँदा टेन्डर प्रक्रिया पुरा हुन लाग्ने समयसम्मको लागि अमानतबाट कर संकलन गर्न वडा नं ८ र वडा नं ९ लाइ जिम्मा दिने । |
| २ | वडा नं ५ शेषनारायणको पसल सटर कबल भाडा सम्बन्धमा । | दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १४ मा पसल सटर भाडा को लागि वार्षिक रुपमा टेन्डर आव्हान गर्ने । | दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १४ मा उल्लेख भए बमोजिम भाडा संकलन गर्न वार्षिक रुपमा तोकिएको दरमा टेन्डर आव्हान गर्नु पर्नेमा पछि नगरसभाबाट अनुमोदन गर्नेगरि विगत लामो समयदेखि नै व्यसाय गरि आएको सबै व्यवसायीहरुको अनुरोधलाइ मध्यनजर गर्दै ऐनमा उल्लेख भएको रकममा नघट्ने गरि एक पटकलाइ प्रयोग गरिरहेकोलाइ नै भाडामा दिने । विगतमा भाडा तिर्ने गरि सम्झौता गरेकोमा तोकिए बमोजिम भाडा रकम बुझाइसकेको हुनुपर्ने छ । |